# ३ ताकि तिनीहरु एक होऊन्

<u>*यस अध्यायका मूल पदहरू:*</u> यूहन्ना १७:१-१६, १ यूहन्ना ५:१९, यूहन्ना १३:१८-३०, यूहन्ना ५:२०-२३, मर्कूस ९:३८-४१, प्रकाश १८:४ र १ यूहन्ना २:३-६।

<u>*यस अध्यायको मूल सार पद:*</u> **"म केवल यिनीहरूको (चेलाहरू) निम्तिमात्र प्रार्थना गर्दिन, तर जो मानिसहरू यिनीहरूको वचन सुनेर मलाई विश्‍वास गर्छन् तिनीहरूको निम्ति पनि म प्रार्थना गर्दछु। जसरी तपाईं पिता ममा हुनुहुन्छ र म तपाईंमा छु त्यसरी नै तिनीहरू पनि एकै होऊन्। साथै तिनीहरू पनि हामीमा एक भएर बसोस्। तिनीहरूमा भएको एकताले नै सारा संसारले विश्‍वास गरून् कि तपाईंले मलाई पठाउनुभएको हो।"** (यूहन्ना १७:२०,२१ रूपान्तरित)।

येशूलाई धोका दिइने छ र मारिने छ भन्ने कुरा उहाँको दिमागमा घुमिरहेको थियो। तर उहाँको मृत्युपछि चेलाहरूमा के हुनेछ भन्ने चिन्ताले उहाँलाई दुःखित पनि गराइरहेको थियो। युहन्नाको सुसमाचारले आफ्ना चेलाहरूप्रति भएको सरोकारलाई झ्याल उघारेको जस्तै उघारी दिएको छ। यूहन्ना १३-१७ अत्यन्त निर्णायक अध्यायहरू हुन्। खास गरेर ती अध्यायहरूबाट हामीले येशूका अन्तिम शिक्षा वा वचनहरू पाउँदछौं। ती वचनहरूलाई यूहन्ना १७मा अन्तिम चरमबिन्दुमा पुऱ्याइएको पाउँछौं। त्यो अध्याय कहिलेकाहीं येशू "मूल पूजारी हुनुभएको हैशियतले प्रार्थना गर्नुभएको" भनेर सम्बोधन गरिन्छ।

"येशू ख्रीष्ट आफै पुजारी र बलिको पाठो हुनुभएर आफूलाई मृत्युमा पुऱ्याउन अर्पण गर्नुभएको थियो। जुन अभिभारा लिएर उहाँले प्रार्थना गर्नुभएको थियो (यूहन्ना १७), त्यो उहाँको अत्यन्त उपयुक्त प्रार्थना थियो। फेरि त्यसै बखत यो प्रार्थना उहाँको समर्पणको प्रार्थना पनि भन्न सकिन्छ। कसको लागि समर्पण गर्नुभएको प्रार्थना भन्दा तिनीहरूको लागि जो अन्तिम भोज खान माथिल्लो कोठामा भेला भएका चेलाहरू जसको निम्ति आफू मरिन लाग्नुभएको थियो साथै तिनीहरूको निम्ति पनि हो जसले ती चेलाहरूको गवाही तथा वचन सुनेर येशूमा आस्था राख्न पुग्छन्।"-एफ एफ ब्रुस, *द गस्पल अभ जोन,* (ग्राण्ड रापिडस्: इरडमानस्, १९८३), पृ ३२८बाट रूपान्तरित।

यूहन्ना १७मा येशूले गर्नुभएको प्रार्थनाको केन्द्रविन्दु चेलाहरूको बीचमा र तिनीहरूको गवाही तथा वचनले विश्वास गर्ने भविष्यका चेलाहरूको बीचमा एकता होस् भन्ने उहाँको गहिरो चाहना देखिएको छ। उहाँको प्रार्थनाको मूल विषय बस्तु नै यो थियोः "म केवल यिनीहरूको (चेलाहरू) निम्तिमात्र प्रार्थना गर्दिनं, तर जो मानिसहरू यिनीहरूको वचन सुनेर मलाई विश्वास गर्छन् तिनीहरूको निम्ति पनि म प्रार्थना गर्दछु। जसरी तपाईं पिता ममा हुनुहुन्छ र म तपाईंमा छु त्यसरी नै तिनीहरू पनि एकै होऊन्। साथै तिनीहरू पनि हामीमा एक भएर बसोस्। तिनीहरूमा भएको एकताले नै सारा संसारले विश्वास गरून् कि तपाईंले मलाई पठाउनुभएको हो।" (यूहन्ना १७:२०,२१ रूपान्तरित)।

जबसम्म यूहन्ना १७ अध्यायमा येशूले गर्नुभएको प्रार्थना ध्यानपूर्वक केलाएर अध्ययन गर्दैनौं तबसम्म येशूमा हुनुपर्ने एकताको बारेमा जतिसुकै छलफल गरिएतापनि त्यो अर्थपूर्ण हुँदैन। केको निम्ति येशूले प्रार्थना गर्नुभयो? कसको निम्ति येशूले प्रार्थना गर्नुभयो? बर्तमान समयमा हाम्रो निम्ति के उहाँको प्रार्थना समयसापेक्षिक र अर्थपूर्ण छ त? यस अध्यायमा ती प्रश्नहरूको जवाफ दिन प्रयत्न गरिनेछ।

## १. येशूले आफ्नो निम्ति प्रार्थना गर्नुहुन्छ

येशूले गर्नुभएको मूल पुजारीय प्रार्थनामा तीन भागहरू छन्। प्रथमतः येशूल् आफ्नो निम्ति प्रार्थना गर्नुहुन्छ (यूहन्ना १७:१-५)। दोस्रोमा उहाँले आफ्ना चेलाहरूको निम्ति प्रार्थना गर्नुहुन्छ (यूहन्ना १७:६-१९) अनि अन्तमा उहाँलाई विश्वास गर्ने भविष्यका विश्वासीहरूको निम्ति प्रार्थना गर्नुहुन्छ (यूहन्ना १७:२०-२६)।

**यूहन्ना १७:१-५ अनुसार येशूले गर्नुभएको प्रार्थनाको मूल विषयबस्तु के थियो? हाम्रो निम्ति त्यो कतिको अर्थपूर्ण छ? हेर्नुहोस्ः "१ यी कुरा भनिसक्नुभएपछि येशूले स्वर्गतिर आँखा उचाली भन्नुभयो, "हे पिता, समय आइपुगेको छ, तपाईंका पुत्रको महिमा प्रकट गर्नुहोस्, र पुत्रले तपाईंको महिमा प्रकट गरोस्। २ किनकि तपाईंले उसलाई सबै मानिसमाथि अधिकार दिनुभएको छ, ताकि तपाईंले उसलाई दिनुभएका सबैलाई उसले अनन्त जीवन देओस्। ३ अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्। ४ जुन काम तपाईंले**

**मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। ५ अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्।"**

प्रभु येशूले पहिला त आफ्नो निम्ति प्रार्थना गर्नुहुन्छ। त्यो प्रार्थना गरिसक्नु अघिका विभिन्न घट्नाहरूले उहाँको अन्तिम समय आएको थिएन भनेर उहाँले आभास् दिनुभएको थियो (यूहन्ना २:४, ७:३०, ८:२०)। अब येशूले थाहा पाइसक्नुभएको थियो कि उहाँको बलि हुने समय आइपुग्यो। उहाँको यस पृथ्वीको जीवन नाटकीयरूपमा निष्कर्षमा पुग्ने क्षण आइपुगेको थियो। आफ्नो लक्ष्य पूरा गर्न मानव शरीर धारणा गर्नुभएको हैशियतले उहाँलाई बलको आवश्यकता थियो। त्यसको अर्थ उहाँको प्रार्थना गर्नुपर्ने समय थियो।

परमेश्वर पिताको इच्छा अनुसार काम गरेर येशूले उहाँको महिमा गर्नुहुने समय आएको थियो। त्यसको अर्थ क्रुसका निर्मम, असह्य र क्रुर यातना सहनु परेतापनि उहाँले परमेश्वर पिताको इच्छा पूरा गरि नै छाड्ने उहाँको चाहना थियो। क्रुसमा आफूलाई होम्ने निर्णय गर्नु भनेको उहाँको निम्ति भाग्यको खेल थिएन। बरू परमेश्वर पिताले उहाँलाई दिनुभएको अधिकारलाई उहाँले कसरी प्रयोग गर्ने त्यो उहाँमा नै भर परेको थियो। उहाँ कुनै अरू मानिस जस्तै शहीद हुन जानुभएको थिएन तर उहाँ मानवीय अवतार लिएर आउनुभएर परमेश्वर पिताको महिमा गर्न आउनुभएको थियो। परमेश्वरको महिमा गर्नु नै उहाँको मानव अवतारको कारण थियो। उहाँले परमेश्वर पिताको महिमा कसरी गर्नुभयो भन्दा यस संसारका पापहरूको निम्ति क्रुसमा आफू बलि हुन राजि हुनु भएकोले थियो।

**मानिसहरू अनन्त जीवन वा स्वर्गको निम्ति अनेकौं धर्म र दर्शनहरू प्रस्तुत गर्छन् तर यूहन्ना १७:३ अनुसार अनन्त जीवन कसरी प्राप्त गर्न सकिन्छ भनेर येशूले कसरी ठोकुवा गर्नुभएको थियो? परमेश्वरलाई विश्वासमात्र होइन उहाँलाई चिन्नु भनेको के हो? हेर्नुहोस्: "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।"**

अनन्त जीवनमा समावेश हुने प्रथम् वा मुख्य तत्व नै परमेश्वरप्रति हामीहरूको व्यक्तिगत ज्ञान हो भनेर येशूले हामीहरूलाई भन्नुहुन्छ। यो धर्मकर्म, दान दक्षिणा वा कुनै पूण्य काम गरेर मुक्ति पाइन्छ भनेको होइन।

तर हाम्रो निम्ति येशूले क्रुसमा के गर्नुभयो सो जानेर अनुभव गर्नु नै हामीहरूको अनन्त जीवन वा स्वर्ग हो। यो आत्मज्ञान त्यसबेला प्राप्त हुन्छ जब परमेश्‍वर पितासँग व्यक्तिगतरूपमा सम्बन्ध राख्दछौं। कतिपय मानिसहरूले परमेश्‍वरको ज्ञान पाउन अनेकौं विद्या हासिल गर्नुपर्छ, बाइबलमा डिग्री पाउनुपर्छ, परमेश्‍वरको बारेमा विस्तृत वा एक एक गरि थाहा पाउनुपर्छ भनेर दावि गर्छन्। तर येशूले त्यो भन्दा गहिरो र सन्तुष्टिपूर्ण उपाए दिनुभएको छः त्यो हो परम पिता सनातन परमेश्‍वरसँग व्यक्तिगत सम्बन्ध राखेर चल्नु। येशूले मानव शरीर धारण गरेर आउनुको लक्ष्यहरू धेरै भएतापनि एउटा मूल लक्ष्यलाई जान्नु जरुरी छः त्यो हो मानिसहरूमा परमेश्‍वरको बारेमा अझ असल अर्थपूर्ण र मुक्ति दिइने ज्ञानमा अगुवाई गर्नु। यदि मानिसहरूमा त्यो ज्ञान भयो भने एक आपसमा मिलेर एकताको शुत्रमा रहिरनेछन्।

**परमेश्‍वरको बारेमा थाहा पाउनु र व्यक्तिगतरूपमा उहाँलाई चिन्नुमा के फरक छ? तपाईंले कस्तो अनुभव गर्नुभएको छ जसले गर्दा परमेश्‍वरलाई चिन्न सहयोग मिलेको छ?**

## २. येशूले आफ्ना चेलाहरूको निम्ति प्रार्थना गर्नुहुन्छ

**आफ्ना चेलाहरूको निम्ति येशूले विशेष प्रार्थना गर्नुभएको थियो। संसारमा भएका मानिसहरू तर उहाँलाई विश्‍वास नगर्नेहरूको बारेमा सम्बोधन गर्नुभएतापनि आफ्ना चेलाहरूको निम्ति उहाँको प्रार्थनाको विषयवस्तु के थियो? हेर्नुहोस् विशेष गरेर पद ९-१९, यूहन्ना १७:६-१९ "६ "संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु। तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन्। ७ तिनीहरूलाई अब थाहा छ, कि तपाईंले मलाई दिनुभएको प्रत्येक कुरा तपाईंबाट आएको हो। ८ किनभने जुन वाणी तपाईंले मलाई दिनुभयो, मैले तिनीहरूलाई दिएको छु, र तिनीहरूले ती ग्रहण गरेका छन्। म तपाईंबाट आएको हुँ भन्ने तिनीहरूले साँच्चै जानेका छन्, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्‍वास गरेका छन्। ९ म तिनीहरूका निम्ति प्रार्थना गर्दछु, संसारको निम्ति म प्रार्थना गर्दिनँ, तर तिनीहरूका निम्ति, जसलाई तपाईंले मलाई दिनुभएको छ। किनभने तिनीहरू तपाईंकै हुन्। १० मेरा सबै जे छन् तपाईंका हुन्, र तपाईंका जे छन् मेरा हुन्। मेरो महिमा तिनीहरूमा प्रकट भएको छ। ११ "म फेरि संसारमा रहँदिनँ,**

**तर यिनीहरू त संसारमा रहन्छन्। मचाहिँ तपाईंकहाँ आइरहेछु। पवित्र पिता, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राख्नुहोस्, र हामी जस्तै तिनीहरू पनि एक होऊन्। १२ जबसम्म म तिनीहरूसँग थिएँ, तपाईंले मलाई दिनुभएको तपाईंको नाउँमा तिनीहरूलाई सुरक्षित राखें। तिनीहरूको रक्षा गरें। अनि तिनीहरूमध्ये विनाशको छोराबाहेक अरू कोही नष्ट भएन, किनकि धर्मशास्त्र पूरा हुन आवश्यक थियो। १३ "तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। १४ मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। १७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्।"**

येशू ख्रीष्ट भौतिक रूपमा चेलाहरूसँग नहुँदा तिनीहरूको विश्वास ढलमलिने सम्भावना उहाँले देख्नुभएकोले तिनीहरूको निम्ति उहाँले परमेश्वर पितासँग हृदय खोलेर प्रार्थना गर्नुहुन्छ। यसरी आफ्ना चेलाहरूलाई येशूले उहाँको पिताको हेरचाहमा सुम्पनु हुन्छ।

येशूले चेलाहरूलाई संसारबाट छुट्टै बस भन्नुभएको छैन तर संसारबाट तिनीहरू सुरक्षित होऊन् भनेर उहाँले प्रार्थना गर्नुहुन्छ। पापले गर्दा मानिसहरू जन्मजातैबाट परमेश्वर पिताको इच्छाको बिपरित जाने भएकोले उहाँले संसारको निम्ति प्रार्थना गर्नुहुन्न (हामी जान्दछौं, हामी परमेश्वरका हौं, र सारा संसार त्यस दुष्टको अधीनमा परेको छ।" १ यूहन्ना ५:१९)। संसारमै रहेर चेलाहरूले सेवाकार्य गर्नुपरेकोले तिनीहरूलाई संसारको दुष्टताबाट सुरक्षित राख्न येशूले आफ्नो पितालाई बिन्ति गर्नुहुन्छ (संसार भन्नाले ती तत्वहरू हुन् जुन यूहन्नाले यसरी व्याख्या गर्दछन् "१५ संसारलाई वा संसारमा भएका कुनै पनि थोकलाई प्रेम नगर। यदि कुनै मानिसले संसारलाई प्रेम गर्दछ भने पिताको प्रेम त्यसमा हुँदैन।१६ किनकि संसारमा भएका सबै थोक, अर्थात् शरीरको अभिलाषा (आफूमात्र पोष्ने चाहना), आँखाको अभिलाषा (आँखाले जे देख्यो त्यसप्रति लालायीत हुने), जीवनको शेखी (आफ्नोमात्र भाऊ खोज्ने विशेष

गरेर अरूको मोलमा)पिताबाट आएका होइनन्, तर संसारबाट आएका हुन्।" १ यूहन्ना २:१५-१६)। हो, येशू संसारप्रति चासो राख्नुहुन्छ किनभने उहाँ सारा संसारलाई मुक्ति दिन आउनुभएको हो। तर सुसमाचारको प्रचारसँग ती मानिसहरूको सम्बन्ध गाँसिएको हुन्छ जो उहाँको निम्ति गवाही हुन्छ। त्यसैकारण दुष्ट तत्वले ती चेलाहरूलाई नछोऊन् भनेर चेलाहरूको निम्ति येशूले प्रार्थना गर्नु आवश्यक थियो (येशूले चेलाहरूलाई सिकाउनुभएको प्रार्थनामा पनि यो तत्व समावेश भएको थियो “१३ हामीलाई परीक्षामा पर्न नदिनुहोस्, तर दुष्टबाट छुटाउनुहोस् किनभने राज्य, पराक्रम र महिमा सदासर्वदा तपाईंकै हुन्, आमेन।’ मत्ती ६:१३)।

एउटा चेलाचाहीँ हारिसकेको थियो। यूहन्ना १७मा येशूले गर्नुभएको प्रार्थना अगावै एक जना चेलाले उहाँलाई धोका दिने निर्णय गरिसकेको थियो (यूहन्ना १३:१८-३०)। त्यो थियो येशूले चेलाहरूसँग अन्तिम भोजन खानुहुँदा। येशूलाई धोका दिने कुरा भजन ४१:९बाटै येशूले उल्लेख गर्नुभएतापनि, यहूदा भाग्यको सिकार थिएन। आखिरि भोजनमा येशूले यहूदालाई मित्रता र प्रेमको हात बढाउनुभएको थियो (यूहन्ना १३:२६-३०)। “निस्तार चाडको भोजमा येशूले धोकेवाजको लक्ष्यलाई प्रकट गर्दा उहाँले आफ्नो ईश्वरीय शक्तिको प्रमाण दिनुभएको थियो। ममतापूर्वक नै येशूले यहूदालाई अरू चेलाहरूलाई सरह सेवा गर्नुभएको थियो। तर यहूदालाई पश्चाताप गर्न येशूले दिनुभएको अन्तिम अवसर गुमाउने उसले निर्णय गरेको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज, पृ. ७२०बाट रूपान्तरित।

सत्यप्रति समर्पित हुनु वा पवित्र जीवन बिताउनु पनि प्रभुको सेवा गर्न नभैनहुने तत्व हुन्। परमेश्वरको अनुग्रहको कामले गर्दा चेलाहरूको हृदय तथा जीवनमा काया पलट वा आमूल परिवर्तन हुने थियो। यदि तिनीहरूले संसारको सामु येशूको निम्ति गवाही हुनु हो भने वा उहाँको सुसमाचार प्रभावकारी रूपमा प्रचार गरिने हो भने तिनीहरूको जीवनको सम्पूर्ण पक्षहरूको आमूल रूपमा परिवर्तन हुनु आवश्यक थियो तिनीहरूको काया पलट हुनु आवश्यक थियो। त्यो परिवर्तन केवल सत्यलाई आत्मसात् गर्दा वा सत्यप्रति दत्तचित्त भएर चल्दामात्र प्राप्त हुन्छ।

**“संसारको होइन" भन्नुहो अर्थ के हो? हामीहरूको जीवन, चरित्र, अपनाउने जीवनशैली र चालामालाले हामी संसारको होइनौं भनेर कसरी देखाउने?**

## ३. “जसले तिनीहरूको वचन सुनेर मलाई विश्वास गर्दछन् तिनीहरूको निम्ति पनि म प्रार्थना गर्दछु"

आफ्ना चेलाहरूको निम्ति प्रार्थना गर्नुभएपछि येशूले आफ्नो प्रार्थनाको दायरा फराकिलो पार्नुहुन्छ। उहाँका चेलाहरूले बोलेको वचनहरूलाई वा तिनीहरूले गरेको सुसमाचार प्रचारलाई सुनेर येशूलाई विश्वास गर्नेहरूको निम्ति पनि उहाँले प्रार्थना गर्नुहुन्छ (यूहन्ना १७:२०)।

**सुसमाचार सुनेर विश्वास गर्ने भविष्यका विश्वासीहरूको बीचमा के होस् भनेर येशूले आफ्नो सबभन्दा ठूलो चाहना व्यक्त गर्नुभएको थियो। त्यो चाहना के थियो? उहाँको प्रार्थना पूरा हुनु किन जरुरी छ? हेर्नुहोस्, यूहन्ना १७:२०-२६ "२० “म यिनीहरूका निम्ति मात्र प्रार्थना गर्दिनँ, तर यिनीहरूका सन्देशद्वारा ममाथि विश्वास गर्नेहरूका निम्ति पनि प्रार्थना गर्छु, २१ कि तिनीहरू सबै एक होऊन्। हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि हामीमा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस्। २२ जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैं तिनीहरू पनि एक होऊन्। २३ म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन्, र तपाईंले मलाई पठाउनुभएको हो, अनि मलाई प्रेम गर्नुभएजस्तो तपाईंले तिनीहरूलाई पनि प्रेम गर्नुभयो भनी संसारले जानोस्। २४ “पिता, म इच्छा गर्दछु, कि तपाईंले मलाई दिनुभएकाहरू म जहाँ छु मसँग रहून्, र मेरो महिमा देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघि देखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो। २५ “धार्मिक पिता, संसारले तपाईंलाई चिन्दैन, तर म तपाईंलाई चिन्दछु, अनि तपाईंले मलाई पठाउनुभएको हो भनी यिनीहरूले जान्दछन्। २६ मैले तपाईंको नाउँ यिनीहरूमा प्रकट गरें, अनि तपाईंको नाउँ यिनीहरूमा प्रकट गराइरहनेछु, ताकि जुन प्रेमले मलाई तपाईंले प्रेम गर्नुभयो, त्यो तिनीहरूमा रहोस्, र म तिनीहरूमा रहूँ।”**

जसरी परमेश्वर पिता र परमेश्वर पुत्र एक हुनुहुन्छ त्यसरी नै भविष्यका विश्वासीहरू एक होऊन् भनेर येशूले प्रार्थना गरि आफ्नो चाहना व्यक्त गर्नुभएको थियो। यूहन्नाको सुसमाचारमा केही ठाउँहरू छन् जहाँ पिता र पुत्रको बीचमा भएको एकतालाई सम्बोधन गरिएको छ। उहाँहरू अलग भएर वा एक आपसबाट स्वतन्त्र भएर कुनै काम गर्नुभएको थिएन। उहाँहरू जे जे गर्नुहुन्छ एक आपसमा सहमत भएर काम गर्नुहुन्थ्यो (यूहन्ना ५:१९-२३

"१९ येशूले तिनीहरूलाई भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, पुत्र आफैले केही गर्न सक्दैन, तर पिताले जे गर्नुभएको देख्छ त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ। २० किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनुभएका सबै काम पुत्रलाई देखाउनुहुन्छ। यीभन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरू आश्चर्यचकित हुनेछौ। २१ किनभने जसरी पिताले मृतकहरूलाई उठाउनुहुन्छ र तिनीहरूलाई जीवन दिनुहुन्छ, त्यसरी नै पुत्रले पनि जसलाई इच्छा गर्दछ, त्यसलाई जीवन दिँदछ। २२ किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर सबै न्याय गर्ने काम पुत्रलाई दिनुभएको छ, २३ ताकि सबैले पुत्रको आदर गरून्, जसरी तिनीहरूले पिताको आदर गर्दछन्। पुत्रको आदर नगर्नेले उसलाई पठाउनुहुने पिताको पनि आदर गर्दैन।" पतित मानिसहरूको मुक्ति तथा उत्थानको निम्ति पिता र पुत्रको बीचमा साझा प्रेम यस्तो थियो कि पिताले यस संसारको निम्ति आफ्नो पुत्र पनि दिन तयार हुनुभएको थियो। पुत्र येशूले पनि मानिसहरू उकासिउन् र मुक्ति पाउन् भनेर आफ्नो जीवन दिन तयार हुनुभएको थियो (यूहन्ना ३:१६,१०:१५)।

येशूले प्रार्थना गर्नुभएको एकतामा जसरी पिता र पुत्र प्रेमको एकता हुनुहुन्छ र एउटै उद्देश्यले चल्नुहुन्छ त्यही खालको प्रेममा र उद्देश्यमा पनि एकता र उद्देश्यमा येशूलाई विश्वास गर्नेहरू होस् भनेर येशूले उल्लेख गर्नुहुन्छ। "यदि तिमीहरूले एक आपसमा प्रेम गर्‍यौं भने सारा संसारका मानिसहरूले थाहा पाउनेछन् कि तिमीहरू मेरा चेलाहरू हौ' (यूहन्ना १३:३५ रूपान्तरित)। यसरी एक आपसले प्रेममा एकता भएको देखाइयो भने चेलाहरू येशूसँग र परमेश्वर पितासँग गाढा सम्बन्ध भएको सार्वजनिक रूपमा देख्नेछन्। "जब येशूलाई विश्वास गर्छु भनेर दावी गर्नेहरूले भित्री मनदेखि प्रेममा एक भएर देखाउन सके भने सुसमाचारको सत्यलाई विश्वास गरेको अरूहरूले देख्न वाध्य हुनेछन्।" -आन्ड्रियास जे, कोस्टेलबर्गर, *जोन, बेकर इक्सजिकल कमेन्टरी अन द न्यु टेस्टामेन्ट* (ग्रान्ड रापिडसः बेकर एकेडेमिक,२००४), पृ. ४९८बाट रूपान्तरित। येशू ख्रीष्ट मुक्तिदाता हुनुहुन्छ भनेर यदि येशूका विश्वासीहरूले प्रमाणित गरेर संसारलाई देखाउन चाहन्छन् भने तिनीहरू एक आपसमा प्रेम गरेर र एक भएर बस्नुको बिकल्प अरू छैन। अर्थात् जुन् प्रेमको एकताको निम्ति येशूले प्रार्थना गर्नुभयो त्यो अप्रत्यक्ष हुन सक्दैन। यदि परमेश्वरका जनहरू हौं भनेर दावी गर्नेहरूको बीचमा प्रेम र

एकता भएन भने संसारका मानिसहरूले सुसमाचारको सत्यतालाई कसरी विश्वास गर्न सक्छन् र? (यदि कोही मानिसले म येशूलाई विश्वास गर्छु भनेर दावी गर्छन् तर एक आपसमा खिचातानी गर्छन्, एक आपसलाई गिराउने चालबाजी खेल्छन्, एकले अर्कोलाई डाहा र ईष गर्छन्, आफ्नो भाऊ खोज्न अरूलाई झार्दछन्, अरू भन्दा आफू ठिक छु भनेर अरूलाई हेपाहा दृष्टिले हेर्छन् भने त्यस्तो मानिसले इसाई हुँ भनेर दावी गर्न सुहाउँदैन न त अधिकार नै हुन्छ किनभने येशू चाहनुहुन्छ विश्वासीहरूको बीचमा फुट नहोस्, तर फुट भइरह्यो वा इसाईहरू विभिन्न समूहमा विभाजित भएर बसेको देखाइरह्यौं भने संसारले येशूको गौरब तथा महिमा कसरी देख्न सक्छन् र?-अनुवादकको टिप्पणी)।

"सनातन अर्थात् अनन्तको सत्यको मञ्चमा सिद्ध एक हुन परमेश्वरले उहाँका जनहरूलाई अगुवाई गरिरहनुभएको छ...उहाँका जनहरू विश्वासमा एक हुन आऊन् भन्ने परमेश्वरको परिकल्पना वा योजना हो। जसरी येशू परमेश्वर पितासँग एक हुनुहुन्छ त्यसरी नै आफ्ना चेलाहरू एक होऊन् भनेर आफू क्रुसमा चढ्नु अघि ख्रीष्टले प्रार्थना गर्नुभएको थियो। येशूलाई विश्वास गर्नेहरूले एक भएर देखाउन सके भने परमेश्वरले येशूलाई पठाउनुभएको हो भनेर संसारले विश्वास गर्नेछ। येशूको यो मार्मिक र अचम्मको प्रार्थना केवल तत्कालिन चेलाहरूको निम्तिमात्र नभएर युगौं युगसम्म र हामीहरू कै युगको लागि पनि हो। उहाँका वचनहरू थिएः "यिनीहरूको निम्तिमात्र म प्रार्थना गर्दिंन, तर तिनीहरूको वचनले गर्दा मलाई विश्वास गर्नेहरूको निम्ति पनि म प्रार्थना गर्छु।" येशूको पछि लाग्छु भनेर दावी गर्ने हरेक विश्वासीहरूले आफ्नो जीवनमा ख्रीष्टको प्रार्थना साकार पार्न खोज्नु कतिको जरुरत छ सो सबैले सोच्नुपर्ने कुरा हो।"-एलेन जी ह्वाइट, टेस्टिमोनिज फर द चर्च, ठेली ४, पृ. १७बाट रूपान्तरित।

**हामीहरूको जीवन र चर्चहरूमा येशूले प्रस्तुत गर्नुभएको एकताको चाहनाको निम्ति हामी के गरिरहेकाछौं? यदि चर्चको एकतामा हामी ध्यान दिन चाहन्छौं भने हामीबाट कुनै कुनै त्याग गरिनु किन जरुरी छ?**

### ४. "हामी इसाई हौं" भनेर दावी गर्नेहरूको बीचमा हुनुपर्ने एकताको आह्वान

**यो तीतो सत्य हो कि विश्वमा इसाईहरू लाखौं खेमा वा सम्प्रदायहरूमा बिभाजित भएका छन्। एक इसाईले अरू इसाईलाई आफ्नो**

पक्षमा ल्याउन वा आफूले विश्वास गरेका कुराहरूलाई जबरजस्ती अरूलाई लाद्न वा नियन्त्रण गर्न मनाही गरिएको एलेन जी ह्वाइटले गस्पल वर्कर्स पृ. ४८२मा उल्लेख गर्नुभएको छ। एक विश्वासीले अर्को विश्वासीलाई आफ्नो समूह वा पक्षमा हिँडेन भने त्यसलाई अलग्याउने र त्यसको आलोचना गर्न आतुरी हुनुहुन्न वा येशूका सही विश्वासी वा इसाई को हो भनेर न्यायको आशनमा बसेर न्यायधिस बन्ने जिम्मा येशूले हामीलाई दिनुभएको छैन भनेर देहायका केही पदहरूले कसरी खुलासा गरेको छ? हेर्नुहोस्ः मर्कूस ९ः३८-४२ "३८ यूहन्नाले उहाँलाई भने, "गुरुज्यू, एक जना मान्छेले तपाईंको नाउँमा भूतहरू निकालिरहेको हामीले देख्यौं। हामीले त्यसलाई त्यसो गर्न मनाही गऱ्यौं, किनकि त्यो हामीलाई पछ्याउने मान्छे होइन।" ३९ तर येशूले भन्नुभयो, "त्यसलाई मनाही नगर, किनकि मेरो नाउँमा शक्तिको काम गर्नेले तुरुन्तै मेरो विरुद्धमा खराब बोल्नेछैन। ४० किनकि जो हाम्रो विरुद्धमा छैन, त्यो हाम्रो पक्षमा छ। ४१ किनभने जसले तिमीहरू ख्रीष्टका हौ भनेर तिमीहरूलाई मेरो नाउँमा एक कचौरा पानी पिउन देला, साँच्चै म तिमीहरूलाई भन्दछु, त्यसले कुनै किसिमले आफ्नो इनाम गुमाउनेछैन। ४२ (तर) "जसले ममाथि विश्वास गर्ने यी सानाहरूमध्ये एक जनालाई बाधा देला, त्यसको निम्ति त बरु एउटा ठूलो जाँतोको ढुङ्गा त्यसको घिच्रोमा झुण्ड्याएर त्यसलाई समुद्रमा फालिदिनु असल हुनेथियो।" र यूहन्ना १०ः१४-१६ "१४ "म असल गोठालो हुँ, म आफ्ना भेड़ाहरूलाई चिन्छु, अनि मेरा भेड़ाहरूले मलाई चिन्छन्। १५ जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु, अनि म भेड़ाहरूका लागि आफ्नो प्राण अर्पण दिन्छु। १६ "मेरा अरू भेड़ा छन्, जो यस गोठका होइनन्। तिनीहरूलाई पनि मैले ल्याउनुपरेको छ, र तिनीहरूले मेरो स्वर सुन्नेछन्, र तिनीहरू एउटै बगाल हुनेछन्, र एउटै गोठालो हुनेछ।"

येशूले यूहन्ना १७मा प्रार्थनामा उल्लेख गर्नुभएको एकता केवल आफ्नो सेभेन्थ-डे एडभेन्टिस्ट डिनोमिनेशन वा सम्प्रदायको लागि मात्रै सिधै सरोकार छ भनेर कतिपय सेभेन्थ-डे एडभेन्टिस्टहरूले सोच्न पुगेको देखिन्छ। निःसन्देह, यस संसारलाई तिन स्वर्गदूतको सन्देश र अरू अनेकौं हामीले पाएका आत्मज्ञानहरू बाँड्न एकजुट हुनुपर्छ। हामीहरूको लक्ष्यमा गर्नुपर्ने विवाद कमै छ।

तर येशूलाई विश्वास गर्ने अरू इसाईहरूसँग एक हुने कुरामा हामीले के गर्ने? येशूले प्रार्थना गर्नुभएको परिवेशमा हामीहरूको सम्प्रदायमा नरहेका

अरू इसाईहरूसँगको सम्बन्ध कसरी कायम राख्ने? हाम्रो चर्चमामात्र होइन अरू चर्चहरूमा पनि परमेश्वरका विश्वासिला भक्तहरू छन् भन्ने कुरामा विश्वास गर्ने कुरामा हामी पछि पर्नुहुन्न। भ्रष्ट सहरको प्रतीक बेबिलोनमा पनि परमेश्वरका जनहरू छन् भनेर बाइबलले स्पष्टरूपमा उल्लेख गरेको छ। "हे मेरा जनहरू तिनीहरूबाट बाहिर निस्केर आऊ। तिनीहरूको पापमा तिमीहरू पनि नफसोस भनेर त्यस सहरबाट निस्केर आऊ, नत्रभने तिमीहरूले पनि त्यसका विपत्तिहरु भोग्नुपर्ने हुन्छ।" (प्रकाश १८:४ रूपान्तरित)।

फेरि त्यसै वखत येशूलाई विश्वास गर्नेहरू अति भ्रष्ट हुने वा परमेश्वरको बाटोमा नहिँडि आफ्नै बाटोमा लाग्नेहरूको जमात धेरै हुनेछन् र अन्तिम दिनहरूमा धेरै कठित वा इसाईको खोल लगाउनेहरू एक भएर केवल बाइबल र येशूलाई मात्र विश्वास गर्नेहरूलाई ठूलो आक्रमण वा सतावट दिइनेछन् भनेर प्रकाशको पुस्तकमा अत्यन्त प्रभावकारी ढङ्गले अध्याय १३:१-७मा प्रस्तुत गरिएको छ। त्यसैकारणले सबै इसाईहरू एक हौं भन्ने अभियानमा (एकुमिनिकल मुभमेन्ट) लागेर अरू चर्चहरूसँग एकता राख्न सेभेन्थ-डे एडभेन्टिस्टहरू संवेदनशील र होशियार हुनुपर्छ (किनभने विशेष गरेर साबथको विद्यालाई पन्छाएर आइतबार मान्न लगाउने रोमन क्याथोलिक चर्चको धर्मगुरु पोपले सबै इसाईहरू एक हौं, र त्यतिमात्र नभएर सबै धर्महरू एक हौं भन्ने धारणाले संसारलाई लठ्ठ पारिरहेको कुरालाई हामीले आँखा चिम्लनुहुन्न। यी जमातले नै केवल बाइबल र बाइबललाईमात्र मान्नेहरूलाई सताउने छन् भनेर सेभेन्थ-डे एडभेन्टिस्टको शिक्षाले ठोकुवा गर्दछ-अनुवादकको टिप्पणी)।

तब त्यस्तो परिप्रेक्ष्यमा येशूलाई विश्वास गर्ने तर हामीहरूको शिक्षासँग नमिल्ने वा मिल्न नचाहने वा बुझ्न नचाहने अरू सम्प्रदायका चर्चहरू वा डिनोमिनेशनहरूसँग हामीहरूले कसरी सम्बन्ध राख्ने त? कमसेकम एउटा विषयमा सहमत भएर अरू इसाईहरूसँग कसरी सहकार्य गर्नुपर्छ भनेर एलेन जी ह्वाइटले आफ्नो भावना यसरी व्यक्त गर्दछिन्: "जब परमेश्वरले खटाउनुभएको व्यक्तिले उहाँको चाहना अनुसार चल्न आफूलाई सुम्पन्छ तब उसले सेवा गर्ने वा उसँग कारोबार गर्ने व्यक्तिहरूलाई पवित्र आत्माले नै प्रभावित पार्नुहुनेछ वा अगुवाई गर्नुहुनेछ। अरू चर्चहरू मिलेर खोलेको महिला संयम समूहका (डब्ल्यु. सि. टी. यु वा स्वस्थ जीवन शैली अपनाउने अभियानमा लागेका महिलाहरू) मानिसहरूलाई नपन्छाउन मलाई देखाइएको छ। स्वस्थ जीवन शैली अपनाउने वा शरीरलाई हानी गर्ने तत्वहरूबाट अलग

हुन आत्मसंयम अभियानमा लागेकाहरूसँग एक भएर चल्दैमा हामीले हप्ताको सातौं दिन साबथलाई मान्ने नीतिलाई परिवर्तन गर्दैनौं। स्वस्थ जीवन शैली अर्थात् आत्मसंयम अभियानमा लाग्ने ती मानिसहरूको नीतिलाई हामीहरूले सहना गर्न सक्छौं वा तारिफ गर्नसक्छौं। यदि स्वस्थ जीवनशैली वा आत्मसंयमको तिनीहरूको साझा अभियानमा हामीहरूको हृदयका ढोकाहरू खोलेर तिनीहरूलाई आमन्त्रण गरेर तिनीहरूसँग एक हुन सक्यौं भने त्यही विषयमा हामीहरूले पनि तिनीहरूको सहयोग प्राप्त गर्न सक्छौं। साझा कार्यक्रममा तिनीहरूसँग हात जोडेर चल्न सक्यौं भने तिनीहरूलाई नयाँ सत्यको बारेमा प्रभावित पार्न पवित्र आत्मा पर्खिररहनुभएको तिनीहरूले हामीहरूबाट सुन्नेछन्।"-*वेलफेयर मिनिस्त्री,* पृ. १६३बाट रूपान्तरित।

एलेन जी ह्वाइटले विशेष समयमा विशेष विषयबस्तुहरूको बारेमा मानिसहरूसँग कसरी मिलेर चल्नुपर्छ भनेर सम्बोधन गर्नुभएतापनि अरू इसाईहरूसँम मिलेर चल्ने उहाँले दिनुभएको नीति उपयुक्त देखिन्छ। साझा विषयबस्तुमा हामी अरू सम्प्रदायहरूसँग हातेमालो गर्न सक्छौं भनेर उहाँले हामीलाई देखाउनुभएको छ।

प्रथमतः साझा सामाजिक अभियानमा हामी अरू इसाईहरूसँग हातेमालो गर्न सक्छौं। दोस्रोमा यदि हामीले तिनीहरूसँग मिलेर काम गरेतापनि हामीहरूको विश्वास र शिक्षाको मोलमा तिनीहरूसँग मिलोमत्तो वा सम्झौता गर्नुपर्छ भन्ने छैन। तेस्रोमा तिनीहरूसँग एक भएर साझा कार्यक्रममा समावेश हुँदा हामीहरूले आशिष पाएका अमूल्य सत्यहरूलाई तिनीहरूमा माझ बाँड्ने अवसर पनि पाउन सक्छौं।

## ५. प्रेममा एउटै विश्वास तथा आस्था बाँड्नु

**परमेश्वरलाई चिन्नु नै अनन्त जीवन हो भनेर येशूले यूहन्ना १७:३मा यसरी व्यक्त गर्नुभएको थियोः "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्।" परमेश्वरलाई चिन्नु भनेको के हो त? हामीहरूको दैनिक जीवनमा हामीले परमेश्वरलाई चिनेका छौं र हामीमा परमेश्वरको बारेमा आत्मज्ञान छ भनेर कसरी देखाउने? हेर्नुहोस् १ यूहन्ना २:३-१० "३ यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं। ४ जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन**

**गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन। ५ तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ। हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं। ६ उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ। ७ प्रिय हो, म तिमीहरूलाई कुनै नयाँ आज्ञा होइन, तर त्यही पुरानो आज्ञा लेखिरहेछु, जो सुरुदेखि तिमीहरूसँग थियो। यो पुरानो आज्ञा तिमीहरूले सुनेकै वचन हो। ८ तापनि एउटा नयाँ आज्ञा म तिमीहरूलाई लेख्दैछु, जो उहाँमा र तिमीहरूमा साँचो छ, किनभने अन्धकार बितिरहेछ, र साँचो ज्योति अघिदेखि नै चम्किरहेछ। ९ जसले आफू ज्योतिमा छु भनी भन्छ तर आफ्नो भाइलाई घृणा गर्छ, त्यो अझै पनि अन्धकारमा नै छ। १० जसले आफ्नो भाइलाई प्रेम गर्छ, त्यो ज्योतिमा रहन्छ, र त्यसमा ठक्करको कारण हुँदैन।"**

कतिपय इसाईहरू आफूहरूलाई देशको ऐन कानुन पालन गर्ने असल नागरिकहरू हौं भनेर दावी गर्छन् तर तिनीहरूले नै बाइबलले औंल्याएका परमेश्वरका दश आज्ञाहरूलाई पालन गर्न नैतिक वाध्यता नभएको भनेर सिकाउँछन्। कतिले त परमेश्वरको अनुग्रहले दश आज्ञाहरूको निलम्बन भयो वा हटाइयो भनेर पनि जिकिर गर्छन्। तर बाइबलले यस्तो खालको धारणालाई सिकाउँदैन। "दश आज्ञाहरू पालन गर्ने शर्तमा परमेश्वरलाई चिन्ने होइन तर हामीले परमेश्वर र येशूलाई चिनेका छौं र उहाँलाई प्रेम गर्छौं भनेर प्रमाणित गर्न ती आज्ञाहरूलाई सिरोपर गरेर पालन गर्छौं। त्यसकारण परमेश्वरको बारेमा आत्मज्ञान हुनु भनेको केवल कल्पना, मत, धारणा वा आदर्शका कुरालाई मान्नुमात्र नभएर व्यवहारमा नै उतार्न उहाँका आज्ञाहरूलाई पालन गरेर देखाउँछौं।"-इकेनहार्डट म्युलरय *द लेटर्स अभ जोन* (नाम्पा, आइडाहोः पासिफिस प्रेस, २००९), पृ. ३९बाट रूपान्तरित। येशू आफैले जोड दिनुभएको थियो, "यदि तिमीहरूले मलाई प्रेम गर्छौं भने मेरा आज्ञाहरू पालन गर।।" "जो सँग मेरा आज्ञाहरू छन् र पालन गर्छ त्यसले मलाई प्रेम गरेको हुन्छ" (यूहन्ना १४:१५,२१ रूपान्तरित)।। "जब हामी परमेश्वरका सन्तानहरूलाई प्रेम गर्छौं तब उहाँलाई प्रेम गर्छौं र उहाँका आज्ञाहरू पालन गर्छौं तब हामीहरू परमेश्वरलाई प्रेम गर्छौं र उहाका आज्ञाहरू पालन गर्छौं। त्यसबाट हामी को हौं भनेर हामीहरूको चिनारी हुन्छ। परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्छौं। उहाँका आज्ञाहरू गरुङ्गो भारी छैन" (१ यूहन्ना ५:२,३ रूपान्तरित)।

**येशूले यूहन्ना १३:३४,३५मा नयाँ आज्ञा उहाँले दिनुभएको छ। त्यो आज्ञा के हो र त्यसले येशूलाई पछ्याउँछु भन्नेहरूको बीचमा एकताको धारणा कसरी देखाउँछ? हेर्नुहोस् "३४ "एउटा नयाँ आज्ञा म तिमीहरूलाई दिँदछुः तिमीहरू एक-अर्कालाई प्रेम गर। तिमीहरूसँग मैले जस्तो प्रेम गरेको छु, तिमीहरूले पनि एक-अर्कालाई त्यस्तै प्रेम गर। ३५ यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ।"**

आफ्नो छिमेकीलाई प्रेम गर्नुपर्छ भन्ने आज्ञा कुनै नयाँ होइन। यो आज्ञा मोशालाई परमेश्वरले दिनुभएको निर्देशन पाइन्छ (लेबी १९:१८)। तर येशूले उहाँका चेलाहरूलाई एक आपसमा प्रेम गर्नु भनेर दिनुभएको आज्ञामा एक नौलो कुरा थपिएको छ। त्यो हो तिनीहरूले *जसरी येशूले तिनीहरूलाई प्रेम गर्नुभयो त्यसरी नै एक आपसमा प्रेम गर्नुपर्छ।* आफ्नो भाऊ नखोज्ने र स्वार्थ-त्याग गर्ने प्रेम येशूको अनुकरणीय उदाहरण सारा इसाई समूदायको निम्ति नयाँ नीति हो।

मानव जगतलाई प्रेम गर्नुपर्छ भनेर सबैले सिकाउँछन् तर कसरी भन्दा येशूले जस्तै भन्ने प्रेमको उच्च आदर्शको नीति हाम्रो अघि खडा भएको छ। येशूको जीवन नै प्रेमको व्यवहारिक पक्षको प्रदर्शन थियो। अनुग्रहको सबै काम नै प्रेमले परिचालित भएर निरन्तररूपमा सेवा गर्नु हो। त्यस खालको प्रेमले आफ्नो चाहनालाई त्याग गर्छ र स्वार्थ त्याग गर्नुमा प्रयत्नशील हुन्छ। येशूको जीवनले उहाँको कहिल्यै पनि नरोकिने प्रेम र अरूको भलाईको निम्ति आफ्नो भाऊ नखोजि स्वार्थ त्याग गरेको देखिन्छ। जुन नीतिले येशू परिचालित हुनुभयो त्यही नीति उहाँका जनहरूको बीचमा एक आपसमा कारोबार वा परिचालित हुनुपर्छ। यदि येशूलाई प्रेम गर्छु र म येशूको भक्त हुँ वा म इसाई हुँ भनेर दावी गर्ने प्रत्येकले येशूको जस्तो प्रेम देखाउन सके संसारको अगाडि परमेश्वरको महिमा कस्तो हुने थियो होला? अनि त्यही प्रेमले सबै विश्वासीहरू परिचालित भए भने हामी सबैलाई एकताको सुत्रमा बाँध्ने कस्तो शक्तिशाली उर्जा वा बल हुने थियो होला?

**हामी प्रत्येक जसले येशूलाई विश्वास गर्छु भनेर दावी गर्नेहरूले येशूले जस्तो स्वार्थ त्याग गरेर देखाउनुभएको प्रेम देखाउन कसरी सिक्ने?**

## उपसंहारः

**स्रोत उपलब्ध भएमा थप जानकारीः** एलेन जी ह्वाइटद्वारा लिखित द ग्रेट कन्त्रोभर्सीको पृ. ४४३-४४६को "गड्स ल इम्युटेबल" र एलेन जी

ह्वाइट इन्साइक्लोपिडियामा उल्लेखित लेखहरूः पृ. ७६३,७६४को "डिनोमिनेशनस्, रिलेशनस् टु अदर," र पृ. १११०को "रोमन क्याथोलिक चर्च।"

"विभिन्न स्थानीय स्तरमा रहेका सेभेन्थ-डे एडभेन्टिस्ट चर्चहरूले विश्वव्यापी चर्च भएतापनि यो चर्च प्रभु येशूको जतगव्यापी चर्च हो भनेर दावी गर्दैनन्। जगतव्यापी चर्च कुनै पनि सम्प्रदाय वा डिनोमिनेशन भन्दा फराकिलो हुन्छ। येशू ख्रीष्टलाई पछ्याउनेहरू समावेश भएको त्यो चर्च देखिने र नदेखिने हुन्छ। चर्चको बारेमा त्यस विशेष धर्मदर्शन वा आत्मिक ज्ञान त्यस उचाईमा पुग्छ जब प्रकाशको पुस्तकमा इसाई भनाउँदाहरूले परमेश्वरको नीतिबाट फर्किनेहरूको बारेमा मार्मिकरूपमा सम्बोधन गरेको बुझ्दछौं। चोखो वा शुद्ध चर्च प्रकाश १२मा औंल्याइएको छ भने त्यसको भिन्न चर्च प्रकाश १७मा बेश्या चर्च औंल्याइएको छ। महान सहर बेबिलोन वा कुनै पनि देश वा निकाय जसले परमेश्वरको नीति र मौलिकतालाई लत्याएर चल्दछ त्यो थुमाको दुलहीको दाँजोमा अत्यन्त फरक छ। त्यो दुलही प्रकाश २१ र २२मा उल्लेख गरिएको पवित्र सहर वा नयाँ यरुशलेम हो। प्रथम शताब्दीमा जगतव्यापी चर्च सबैले देखिने थियो होला। तर त्यस पछि त्यस खालको चर्च हेर्न अत्यन्त मुश्किल र जटिल भएको पाइन्छ। मध्य युगमा शुद्ध चर्च हेर्ने विषय दुर्लभै थियो।

"त्यसकारण एडभेन्टिस्टहरूले परमेश्वरको सत्य चर्च आफ्नो चर्च भएको धारणामा सिमित राख्दैनन् न त कुनै अरू इसाई चर्चहरूलाई परमेश्वरको सत्य चर्च हो भनेर स्वत हात फैलाएर स्वीकार्दछन्। परमेश्वरको सत्य चर्चमा ती व्यक्तिहरू समावेश भएका हुन्छन् जसले उहाँलाई हृदयदेखि सत्यरूपमा विश्वास गर्छन्। तिनीहरूलाई परमेश्वरले चिन्नुभएको हुन्छ। अर्को परिवेशमा भन्ने हो भने एडभेन्टिस्टहरूले आफूहरूलाई प्रकाश १२:१७ र प्रकाश १२-१४मा औंल्याइएको अन्तिम समयको विशेष रूपमा देखिने परमेश्वरको अवशेष चर्चको रूपमा खडा भएको दावी गर्दछन्। यो अवशेष चर्चको परिभाषामा स्थानीय र जगत व्यापी चरित्रलाई उघारेको हुन्छ।" - इकहार्डट म्युलर, "द युनिभरसालिटी अभ द चर्च इन द न्यु टेस्टामेन्ट" बाट उल्लेख गरिएको व्याख्या जुन आन्जल म्यानुयल रोड्रिगेद्वारा सम्पादित पुस्तक र *मेसेज, मिसन एण्ड युनिटी अभ द चर्चबाट* उद्धृत (सिलभर स्प्रिङ्ग, मेरिल्याण्ड, बिब्लिकल रिसर्च इन्स्टिच्युट, जनरल कन्फरेन्स अभ सेभेन्थ-डे एडभेन्टिस्ट, २०१३) पृ. ३७बाट रूपान्तरित।

**चिन्तनमननः**

अ) **हामीहरूको आफ्नै चर्चमा यूहन्ना १७मा येशूले गर्नुभएको प्रार्थना पूरा हुनु किन पर्दछ? प्रथम शताब्दीका चर्चहरू एक होऊन् भन्ने येशूको चाहनाले हामीहरूको वर्तमान चर्चमा पनि एकता होस् भन्ने उहाँको चाहना हो भनेर हामीले कसरी आत्मसात् गर्ने?**

आ) **के तपाईंको स्थानीय चर्चले अरू चर्चहरूसँग कुनै साझा विषयमा मिलेर काम गरेको छ? त्यो कसरी सफल भएको छ वा छैन? हामीहरूसँग भएको सत्यहरूप्रति आँखा चिम्लेर कसैसँग सम्झौता नगरी अरू इसाईहरूसँग कसरी काम गरेर जाने?**

इ) ***ग्रेट कन्त्रोभर्सीमा* व्यक्त गरिएको यो वाक्यको अर्थ के हो? हामीहरूको जीवनमा यसलाई हामीले कसरी वास्तविक रूपमा उतार्ने? "यदि परमेश्वरका जनहरू हौं भनेर दावी गर्नेहरूले उहाँको वचनमा चम्काइएको ज्योतिलाई ग्रहण गर्न सकिएमा तिनीहरू येशूले प्रार्थना गर्नुभएको एकताको चुचुरोमा पुग्न सक्ने थिए। यही अवधारणा प्रेरितले व्यक्त गरेका थिए, "पवित्र आत्मामा भएको एकताले शान्तिमा बाँधिन्छ।" एफिसी ४ः३-५मा पावलले यसरी व्यक्त गरेका छन्, "एउटै शरीर, एउटै आत्मा र एउटै आशाको निम्ति तिमीहरूलाई बोलाइएको होः त्यो हो एक प्रभु, एक विश्वास र एक बप्तिस्मा।" -एलेन जी ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी* पृ. ३७९बाट रूपान्तरित।**

**सारांशः** अहिले पनि येशू ख्रीष्टले चर्चको एकताप्रति चासो देखाउनुभएको छ भनेर यूहन्ना १७ अध्यायको उहाँको मूल पुजारीय प्रार्थनाले देखाउँछ। उहाँको प्रार्थना हाम्रो पनि प्रार्थना हुनुपर्छ। परमेश्वरको वचनमा कर्तव्यनिष्ठ हुन हामीले भरमग्दुर प्रयास गरिरहनुपर्छ। एक आपसमा प्रेम गर्नु भनेको अरू सबै मानिससँगको सम्बन्धमा देखाइने हाम्रो स्वभाव हो। कतिपय इसाईहरूसँग हामीहरूको मत भिन्न होला तर तिनीहरूलाई पनि प्रेम गर्ने खुबी हामीमा हुनुपर्छ।

# कथा ३
# पानीमा तैरिरहेको हात
## सोरासोम आन, ४० क्याम्बोडिया

क्याम्बोडियाको सोमसोमआन एक्लो आमाको छोरो थियो। आमा खेतबारीमा काम गर्दथी। उसको बुबा को हो उसलाई थाहा थिएन। ठूलो भएपछि सोम चर्चमा जान थाल्यो किनभने त्यहाँ उसलाई मनपर्ने एउटा युवती थिइ।

सोम कट्टर बुद्ध धर्म मान्ने परिवारबाट आएको थियो। त्यसकारण उसको आस्थाबाट उसलाई स्वतन्त्र बनाउन केवल युवतीको मायालेमात्र पुगेको थिएन। उसले झलमल चमक र हात तैरिरहेको स्वप्न दर्शन देख्नुपरेको थियो।

युवक सोम आन उसको युवती साथीसँग हरेक आइतबार चर्चमा जान्थ्यो जुन उसको सहर डाउनकिभमा थियो। त्यो सहर क्याम्बोडियाको राजधानी फोन पेन्हबाट करिब ४५माइल अर्थात ७० किलोमिटर टाढा थियो।

"म सुसमाचार सुन्न चर्चमा गएको थिइन तर असल केटीलाई मन परेर चर्च गएको हुँ" सोम आनले भन्यो।

एक पल्ट आइतबार सुसमाचार सुनाउने एक जना सेभेन्थ-डे एडभेन्टिस्टलाई ३० जना विश्वासीहरूमध्ये एकले सन्देश दिन बोलायो। उसले प्रचार गरेको सुसमाचार यस्तो प्रभावकारी थियो कि अर्को आइतबार पनि प्रचार गर्न आउन त्यस चर्चका विश्वासीहरूले निम्तो दिए। फेरि तेस्रो आइतबारमा त चर्चको सबै जनाको सर्वसम्मतिबाट एडभेन्टिस्ट हुने प्रस्ताव पारित गरे। तिनीहरूको निर्णयलाई आधिकारिक सेभेन्थ-डे एडभेन्टिस्टद्वारा अनुमोदन गराउन फोन पेन्हमा जान सुर कसे। तिनीहरूले सोम आनलाई पनि साथैमा यात्रा गर्न अनुरोध गरे।

पछि ३० जना चर्चका सदस्यहरूले एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिए। तिनीहरूको लहै लहैमा लागेर सोम आनले पनि बप्तिस्मा लिए तर वास्तविक रूपमा उसले परमेश्वरलाई विश्वास गरेको थिएन।

"म इसाई परिवारमा जन्मेको थिइन, र आस्थामा परिवर्तन गर्नु त्यति सजिलो थिएन" सोमले भन्यो।

केही समयपछि सोम आन विश्वविद्यालयमा पढ्न फोन पेन्हमा गयो। आफूसँग थोरैमात्र पैसा भएकोले चर्चका अगुवाहरूसँग केही सहायता माग्यो। उसलाई एउटा सानो एउटा कोठा भएको साँचो दिइयो। त्यहाँ उसले बहाल नतिरि बस्न पाउने भएको थियो।

जब सोम आन विश्वविद्यालयमा दोस्रो वर्ष अध्ययन गर्दै थियो ऊ नराम्रोसँग बिरामी भयो। उसको जीउ एकदम तातेको थियो। आफ्नो ओछ्यानबाट चल्नै सकेको थिएन। अब म मर्ने भएँ भनेर कराउन थाल्यो। अनि उसले येशूको बारेमा सम्झ्यो। येशू त शक्तिशाली परमेश्वर हुनुहुन्छ भन्ने कुराको याद आयो। उसले सोच्यो, "प्रार्थना गरेर परमेश्वरसँग किन सहयोग नमाग्ने?"

उसले ओछ्यानबाट ओर्ल्हेर घुँडा टेकेर प्रार्थना गर्ने कोशिश गऱ्यो तर लत्रकै ओछ्यानमा लड्यो। फेरि उठ्ने प्रयास गऱ्यो तर सकेन। आफ्नो भएभरको शक्तिलाई सम्हालेर घुँडा टेकेर प्रार्थना गरे। यो उसको तेस्रो प्रयास थियो।

आफ्नो आँखा चिम्लेर उसले भन्यो, "हे प्यारो प्रभु, मलाई सहयोग गर्नुहोस्?" जब उसले प्रार्थना गर्न थाल्यो उसको निधारबाट बत्तीको झिल्का उम्रेको उसले देख्यो। केहीःसेकेन्ड झलक्क चम्क्यो र एकै छिनमा हरायो। अचम्म मानेर उसले सोच्यो, "यो त परमेश्वरको शक्ति हो।"

तर उसले प्रार्थना गर्न रोकेन, "तपाईं शक्तिशाली परमेश्वर हुनुहुन्छ भनेर मैले सुनेको छु। तपाईंले धेरैलाई निको पार्नुभएको थियो भनेर बाइबलले भन्दछ। तपाईंले मलाई पनि सहयोग गर्न सक्नुहुन्छ र निको पार्नुहुन्छ भन्नेः आशा मैले राखेको छु। तपाईंले सहयोग गर्नुभएको सबै थोकको लागि तपाईंलाई धन्यवाद। आमेन।"

सोमआन ओछ्यानमा फेरि पल्ट्यो। उसको आँखा बन्द थियो। त्यसबेला एउटा हात आएर उसको खुट्टामाथि तैरिरहेको उसले देख्यो। त्यो आकार शुद्ध ज्योतिको जस्तो थियो। त्यो आकार उसको खुट्टाको औंलाबाट बिस्तारै घुँडामा सऱ्यो। जब त्यो हात खुट्टामा तैरिरहेको उसले देख्यो तब उसको शरीरबाट ज्वरो हटेको महसुस गऱ्यो। अनि त्यो हात उसको पेटतिर गयो।

"जहाँ जहाँ त्यो हात गएको थियो त्यहाँ त्यहाँ निको भएको मैले महसुस गरें।" उसले भन्यो।

जब त्यो हात उसको टाउकोमा पुग्यो तब उसले पूरै निको भइसकेको अनुभव गर्‍यो। अत्यन्त हर्षले भावविभोर भएर ओछ्यानबाट ऊ उठ्यो र कोठाबाट निस्केर बाहिर गयो। घरको वरिपरि दगुरेर उफ्रन थाल्यो र बारम्बार चिच्याउन थाल्यो। "प्रभु तपाईंलाई धेरै धन्यवाद। तपाईंको शक्तिको निम्ति तपाईंलाई धन्यवाद। तपाईंको शक्तिको निम्ति तपाईंलाई धन्यवाद!"
त्यस बखत सोमआन बीस बर्षको थियो।

आज सोमआन ४० वर्षको भयो र क्याम्बोडियाको दोस्रो ठूलो सहर बाटामबाङ्गमा धर्मदर्शन पढाउँछन्। स्थानीय चर्चमा ऊ सक्रिय छ र जसलाई पनि परमेश्वरको शक्तिको बारेमा सुनाउन ऊ उत्सुक छ।

"मेरो हृदय थोमाको जस्तो हठी छ" जबसम्म आफूले देखेन तबसम्म पुनरुत्थान भएको येशूलाई विश्वास नगर्ने येशूको चेलाको बारेमा भन्दै उसले भन्यो।

"मेरो हृदयलाई परिवर्तन गर्न परमेश्वरले उहाँको शक्ति प्रयोग गर्नुभएको थियो भन्ने कुरामा म विश्वस्त छु। यदि परमेश्वरले त्यो अचम्मको काम ममा नगर्नुभएको भए मैले उहाँलाई अहिले पनि विश्वास गर्ने थिइन। अब म परमेश्वरलाई धुरन्धर विश्वास गर्छु। मेरो जीवनमा जुनसुकै समस्या आएतापनि र जटिल भएतापनि म उहाँलाई विश्वास गर्न छोड्दिन।" प्रभुप्रति आफ्नो प्रतिबद्धता व्यक्त गर्दै उसले भन्यो।

यस त्रैमासिक साबथस्कूलको भेटीको केही भाग सोमआनको चर्चको सामुदायिक भवन निर्माण गर्न सहयोग मिल्नेछ। त्यसमा औषधी उपचार गर्ने र दन्त क्लिनिक, साकाहारी रेस्टुरेन्ट, मल नहालेको तरकारी र फलफूल पसल, जुस बनाउने स्थल र कसरत गर्ने ठाउँ बनाइनेछ। तपाईंको भेटीको निम्ति धन्यवाद।

-लेखकः *आन्द्रयु मेकचेस्नी*